खण्डः ६ कीर्तिपुर, पौष १३ गते, २०८० साल संख्या ५

# कीर्तिपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ कीर्तिपुर, पौष १३ गते, २०८० साल संख्या ५

## भाग - २

## कीर्तिपुर नगरपालिका

# विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना,

# २०७९/८०- २०८३/८४

## विषयसूची

१. कार्यकारी सारांश
२. पृष्ठभूमि
१) विपद् जोखिमको अवस्था
२) भूकम्प
३) सडक दुर्घटना
४) महामारी
५) बाढी
६) पहिरो
३. रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया
४. विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना
१) परिचय
२) मार्गदर्शक सिद्धान्त
३) दीर्घकालिन सोँच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य
४) प्राथमिकताप्रात क्षेत्रहरु
४.१) विपद् जोखिम बारे नगरस्तरमा बुझाइ
४.२) नगरस्तरमा विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण
४.३) नगरस्तरमा विपद् जोखिम गर्न निजी तथा सार्वजनिक लगानी प्रवर्धन
४.४) प्रभावकारी प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका लागि विपद् पूर्वतयारीको विकास र सुदृढीकरण
५. रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था
६. रणनीतिक कार्य योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

## १. कार्यकारी सारांश

नेपालको संविधानमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विषयलाई उल्लेख गरिएको छ। संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई सबै तहको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ। संविधानको भाग ४ धारा ५१(छ) को प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तरर्गत जलउत्पन्न प्रकोप नियन्त्रण गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्नपूर्व सूचना, तयारी, उद्धार राहत एवं पुनस्थापना गर्ने कुरा उल्लेख छ। यसरी नै संविधानको अनुसूची ८ मा विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेका छ। यसै क्रममा नेपाल सरकारले विभिन्न मञ्चमा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कार्य गर्ने प्रतिवद्धता जनाएको थियो । यसै क्रममा सेन्डाइ कार्यढाँचा, दिगो विकास लक्ष्य र जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भ उल्लेख्य महत्वपूर्ण रहेको छ । सेन्डाइ कार्यढाँचा २०१५ देखि २०३० एउटा अन्तराष्ट्रिय मार्गदर्शन गर्ने विश्वव्यापी दस्तावेज हो भने विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २००९ प्रमुख राष्ट्रिय मार्गदर्शन हो । यसैलाई आत्मसात गरी कीर्तिपुर नगरपालिकाले विगतको गोरखा भूकम्प २०७२ र अन्य विपद्हरुबाट सिकेका पाठहरु हाम्रा लागि व्यवहारिक मार्ग दर्शनको रुपमा लिएका छन् ।

आर्थिक, सामाजिक र पूर्वाधार लगायतका विकासको प्रयास र गतिलाई अगाडि बढाइरहँदा अनपेक्षित रुपमा आइपरेको कोराना भाइरस (कोभिड-१९) को विश्व महामारीले गर्दा कीर्तिपुर नगरपालिका निकै पीडित र प्रभावित भएका छौं। कोरोना र लकडाउनका कारण नगरपालिकाले थालेका विकासका प्रयासमा बिराम लगाउदै संकट तथा जोखिममा परेका मानवको जीवनरक्षा तथा कोरोनाको रोकथाम, नियन्त्रण, उपचार र राहत वितरणमा लागि पर्‍यौं। संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र आफ्नो आन्तरिक स्रोतको अधिकतम परिचालनबाट नगरपालिका कोरोनासँग लड्दै विकासका प्रयासहरूलाई पुन:सुचारु गर्दै नयाँ आर्थिक वर्षका लागि परिवर्तित परिस्थिति अनुकूल केही नयाँ प्राथमिकता र कार्यक्रमसहित आगामी आ.व.२०७९।२०८० को नीति तथा कार्यक्रम र बजेट

ल्याएको थियो । यस आ.व.मा विपद् जोखिम न्यूनीकरण तर्फ देहायका नीतिहरु अवलम्बन गरिने छ ।

१) विपद्को जोखिम न्यूनीकरण गर्न पाँच लाख रुपैंया भन्दा बढीको पुर्वधार तर्फको काम गर्दा एक प्रतिशत रकमको व्यवस्था सहित एक विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ ।

२) गर्मी एवं वर्षा मौसममा आउनसक्ने विपद्हरूको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गरिनेछ ।

३) नगर क्षेत्रभित्र आवश्यक एम्बुलेन्स, शव वाहन, दमकल लगायतका साधनहरुको सहज पहुँचका लागि आवश्यकता अनुसार निजी तथा अन्य संस्थागत क्षेत्रसँग सहकार्य गर्ने नीति लिइनेछ ।

४) वडास्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइ विपद् पूर्वतयारी कार्यलाई व्यवस्थित गरिनेछ ।

५) प्रकोप व्यवस्थापन गर्न नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्न नेपाल स्काउट, रेडक्रस, सुरक्षा निकाय र अस्पतालसँगको सहकार्यमा द्रुत प्रतिकार्य समूह (Rapid Response Team : RRT) बनाई क्रियाशील बनाइने छ ।

६) नगरका स्थायी बासिन्दा, अशक्त, अपाङ्गता भएका व्यक्ति, असहाय व्यक्ति, सडक मानव, अलपत्रमा परेका व्यक्ति, बाहिरबाट आएका श्रमिक, विद्यार्थी, कर्मचारी लगायत सबैको GPS / GIS (भौगोलिक अवस्थिति प्रणाली र भौगोलिक सूचना प्रणाली) मा आधारित तथ्याङ्क सङ्कलन र त्यसको नियमित अद्यावधिक गरिनेछ ।

७) विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त पूर्व तयारी तथा प्रतिकार्य योजना, आपतकालीन कार्य सञ्चालन केन्द्र (EOC) स्थापना र सञ्चालन, सूचना प्रविधिको प्रयोग, तालिम र क्षमता

विकास, चेतना र जागरण, औजार उपकरणको व्यवस्था आदि गरिनेछ ।

८) राहत वितरण तथा विपद्को बेलामा आइपर्ने समस्याहरूको तत्काल सम्बोधन गर्न द्रुत प्रतिकार्य समूह (Rapid Response Team : RRT) को निर्माण र परिचालनको व्यवस्था मिलाइनेछ ।

यी सन्दर्भ र विषयहरुलाइ मार्गदर्शनको रुपमा लिइ कीर्तिपुर नगरपालिकाले लागु गरेको नगर **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६** र **विपद् जोखिम न्यूनीकरण नीति २०७९ लाई कियाशिल बनाउन** विकास गरिएको यो **विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९/८० देखि २०८३/८४** सम्मको अवधिलाइ लक्षित गरी तयार गरिएको छ । यो रणनीतिक कार्ययोजनाको लागि निम्न बमोजिका चार प्राथमिकता प्राप्त क्षेत्रहरु र १५ प्राथमिकता प्राप्त कार्यहरु तय गरिएका छन् ।

**१) विपद् जोखिम बारे नगरस्तरमा बुझाइ**

१.१.) प्रकोप बमोजिम जोखिमको आँकलन

१.२) जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

१.३) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र प्रवाह

१.४) विपद् जोखिम सम्बन्धी बुझाइका लागि क्षमताको विकास र अभिवृद्धि

**२) नगरस्तरमा विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण**

२.१) नगर स्तरमा विपद् व्यवस्थापन सम्बन्धी संस्थागत संरचनाको स्थापना, विकास र सुदृढीकरण

२.२) विपद् जोखिम सुशासनको लागि क्षमता विकास, अभिवृद्धि, सहकार्य र साझेदारी

२.३) विपद् जोखिम न्यूनीकरणमा समाबेशिताको सुनिश्चितता

**३) नगरस्तरमा विपद् जोखिम गर्न निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन**

३.१) उत्थानशीलता वृद्धिका लागि लगानी प्रवर्द्धन

३.२) विपद् जोखिम न्यूनीकरणमा सार्वजनीक लगानी वृद्धि

३.३) विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

३.४)जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि

**४) प्रभावकारी प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका लागि विपद् पूर्वतयारीको विकास र  सुदृढीकरण**

४.१) विपद् प्रतिकार्य प्रभावकारीका लागि पूर्वतयारीको विकास र सुदृढीकरण

४.२) विपद् पूर्वतयारीको लागि पूर्व सूचना प्रणालीको विकास

४.३) समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण विकास र प्रवर्धन

४.४) खोज तथा उद्धारको लागि क्षमताको विकास र अभिबृद्धि

## २. पृष्ठभूमि

### १) विपद् जोखिमको अवस्था

विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका साथै जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र प्रकोप जोखिमलाई ध्यान नदिई गरिने विकास निर्माणका

कार्यहरूले गर्दा नेपाल बिभिन्न प्राकृतिक र गैरप्राकृतिक प्रकोपहरूबाट सिर्जित विपद्को उच्च जोखिममा रहेको छ। जलवायु परिवर्तनका कारण मौसमजन्य प्रकोपहरूको प्रकृति, मात्रा र प्रबृत्ति फरक हुँदै गएको छ। जसका कारण विपद् व्यवस्थापनमा नयाँ चुनौतीहरु थपिदै गएका छन्। नेपालमा हरेक वर्ष ५०० भन्दा बढी बिभिन्न प्रकोपका घटनाहरू हुने गर्दछन्। जसमध्ये बाढी, पहिरो, डुबान, भूकम्प, चट्यांग, आगलागी, हावाहुरी, हिमताल विस्फोट,सडक दुर्घटना लगायतका प्राकृतिक र गैरप्राकृतिक विपद्का घटनाहरु नियमित रुपमा घट्ने गरेका छन्। यसको परिणामस्वरूप ठूलो मात्रामा जनधनको क्षति हनु र जीविकोपार्जनमा प्रतिकूल असर पर्ने गरको छ। पछिल्लो ४५ वर्ष (वि.सं. २०२८ देखि २०७२) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन्। उच्च मृत्युदरको अतिरिक्त, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएका छन् भने करिब तीस लाख मानिसहरू प्रभावित भएका छन्। यसैगरी, विगत ५ वर्षको (२०७०- २०७५) तथ्याङ्क अनुसार नेपालमा बर्षेनी करीव १०,००० सडक दुर्घटना हुने गरेका छन्। जसका कारण बर्षेनी करीब १,९०० ब्यक्तिले ज्यान गुमाएका छन् भने करीब १३,००० ब्यक्तिहरु घाईते हुन्छन्।

कीर्तिपुर नगरपालिकामा प्रकोप र यसले निम्त्याएका विपद्हरुलाई विश्लेषण गरेर हेर्दा मुख्य भूकम्प सँगसंगै सडक दुर्घटना, जनावर आतंक, आगलागी, हुरीबतास, बाढी, चट्याँग, महामारी, कोभिड १९ जस्ता रहेका छन्। यी यस्ता प्रकापका कारणले गर्दा मानवीय, भौतिक तथा आर्थिक क्षति गर्ने र मानवीय सन्त्रास पैदा गर्ने प्रकोपका रुपमा देखापरेका छन्।

विपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभुत पूर्वाधारहरूमा हानी नोक्सानी कम गर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तसर्थ विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यलाई मजबुत बनाउन जरुरी छ।

प्रभावकारी विपद् पूर्वतयारीले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्छ र समुदायहरूलाई विपद् उत्थानशील बनाउन मद्धत पुऱ्याउँदछ । यसका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारी प्रष्ट किटान गरी उनीहरूको पूर्वतयारी तथा प्रतिकार्य क्षमताका साथै स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ ।

### २) भूकम्प

- वि.सं. २०७२ बैशाख १२ गते गोरखा केन्द्र विन्दू भएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पको कारण यस नगरपालिकाले पनि धेरै क्षति बेहोर्नु पर्यो । तत्पश्चात २७ बैशाख २९ गते सिन्धुपाल्चोक केन्द्र विन्दू भएको ७.३ रेक्टर स्केलको ठुलो पराकम्पनले र निरन्तर आइरहेको अन्य पराकम्पनहरुले जनधनको थप क्षति बढायो

### ३) सडक दुर्घटना

विकासको क्रममा रहेको यस नगरपालिका सडकको सञ्जालबाट सबै तिर पहुँच पुर्याउने लक्ष सहित अगाडी बढी रहको छ । यसै सन्दर्भमा बढ्दो विकास प्रक्रिया संगै यस नगरमा वृद्धी हुँदै गइरहेको शहरीकरण र सडक सञ्जालको विस्तारले सडक दुर्घटनाहरु वर्षेनी वृद्धि हुँदै गइरहका छन् । चालकको लापरवाही, मदीरा सेवन गरी गाडी चलाउनु, तिव्र गतिमा गाडी चलाउनु, पैदल यात्रुहरुको लापरवाही, अव्यवस्थित पार्किङ्ग, अव्यवस्थित सडक पार गर्ने प्रणाली, साँघुरो सडक, भिरालो सडक, खराब साइड ड्रेन, मोडहरुमा कमजोर दृश्यता आदि सडक दुर्घटनाका मुख्य कारणहरु हुन ।

### ४) महामारी

समग्र नेपालका जनसमुदायहरु महामारीको प्रकोपबाट अत्यन्तै असुरक्षित छन् । पानी किरा र जीवाणुबाट संक्रमण हुने रोगका कारण धेरैको ज्यान जाने गरेको छ । यसै परिपेक्षमा कीर्तिपुर नगरपालिका पनि अछुटो छैन

। वर्ष २०७७ को कोभिड १९ का कारणले यस नगरलाई पनि प्रभावित पारेको छ । यसका लागि यस नगरपालिकाले विशेष बजेट तथा कार्यक्रम मार्फत आफनो कार्य अगाडी बढाएको छ । यसको अलावा यस नगरपालिका क्षेत्रमा झाडापखाला, ज्वरो, हेपाटाइटिस, एनफलुएन्जा, टाइफाइड, दम, क्षयरोग जस्ता संक्रमण हुने रोगहरु छन् ।

**५) बाढी**

नेपालमा साना ठुला गरी ६००० भन्दा बढी नदीहरु छन् जसको कारणले बाढी आएर बालीको नोक्सान गर्नुका साथै मानवीय तथा भौतिक सम्पत्तिमा क्षति पुर्याउदछ र बाढी पश्चात प्रायः महामारी फैलिन्छ । बल्खुखोला र बागमती नदीमा पानीको वहाव बढनाले बाढी जाने गरेको छ र यसको कारणले वर्षेनी जनधन र भौतिक क्षति भएको पाइन्छ

**६) पहिरो**

नेपालको अर्को मुख्य प्रकोप पहिरो पनि रहेको छ । यस वर्ष २०७७सालमा आएको भारी वर्षाका कारणले नेपालका धेरैजसो जिल्लाहरुमा बढी मात्रामा धनजनको क्षति पुऱ्याएको पाउँछौं । यसरी नै यस नगरपालिकाको दक्षिण तर्फको पहाडी क्षेत्र चम्पाडाँडाका कारणले सामान्य क्षति पुयाएको पाइन्छ ।

## ३. रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि सन् २०१५ पछि विश्वव्यापी रुपमा स्वीकार गरिएका कार्यढाँचाहरुको आधारमा नयाँ मार्गचित्र पहिचान गरी विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ लाई प्रतिस्थापन गरी अघि बढनु पर्ने आवश्यकता महसूश गरे अनुरुप विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना तयार गरेको छ । यसैलाइ आत्मसात गरी यस कीर्तिपुर नगरपालिकाले पनि संघ, प्रदेश र स्थानीय तहको विकास प्रक्रियामा

मूलप्रवाहीकरण गरी कार्यान्वयनमा सबै सरोकारवाला निकायहरुको सक्रिय सहभागिता सुनिश्चित गर्नेछ ।

यस रणनीतिक कार्ययोजनाको विकासमा कीर्तिपुर नगरपालिकाका विपद विज्ञ श्री आकर्षण प्रधानको नेतृत्वमा विपद् व्यवस्थापन शाखाको प्रमुख ई. कृष्ण भोला महर्जनको संलग्नता र उत्थानशील नेपालको सहभागितामा पहिलो पाण्डुलिपी तयार गरियो । यस पाण्डुलिपीलाई २०७९ पौष १८ गते कीर्तिपुर नगरपालिकाको कार्यपालिकाका पदाधिकारी र सदस्यहरु, विषयगत विपद् व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरु साथै शाखा प्रमुखहरुको सहभागितामा एक दिने गोष्ठी आयोजना गरी सुझाव संकलन गरेको थियो । उक्त गोष्ठीबाट प्राप्त सुझावलाइ समेत यो पाण्डुलिपीलाई अन्तिम रुप दियो ।

## ४. विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

### १) परिचय

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुयाउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि कीर्तिपुर नगरपालिकाको प्रतिवद्धता सहितको दस्तावेज हो । यस कार्ययोजनाले विपद् व्यवस्थापनमा "जोखिम न्यूनीकरण" केन्द्रित अवधारणालाइ जोड दिएको छ । यो कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकारको "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०" लाई समेटिएको छ ।

### २) मार्गदर्शक सिद्धान्त

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरु अवलम्बन गरिनेछन् ।

क) विपद् जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ । नगरपालिकाले आवश्यक परेमा अन्तराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय तथा द्विपक्षीय सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

ख) नेपाल सरकारको संघ, प्रदेश, सरोकारवाला गैरसरकारी संघसंस्था, समुदाय, निजी क्षेत्र, अन्तराष्ट्रिय नियोग, अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरु लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ ।

ग) विपद जोखिम व्यवस्थापन गर्दा मानव अधिकार तथा विकासको अधिकारलाइ संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

घ) विपद जोखिम व्यवस्थापन गर्दा सबै क्षेत्रसंग सहभागिता तथा साझेदारीमा गरिनेछ ।

ड) स्थानीय तह तथा समुदायलाई श्रोत, साधन, तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तिकरण गरिनेछ ।

च) विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरिनेछ ।

छ) स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्याधिक उपयोग गरिनेछ ।

## ३) दीर्घकालिन सोँच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

### क) दीर्घकालिन सोँच

कीर्तिपुर नगरलाइ विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील नगरको रुपमा स्थापित गर्दै दिगो विकासमा

योगदान पुर्याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालिन सोँच रहेको छ ।

**ख) अपेक्षित परिणाम**

विपद्‌बाट हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरुको संख्यामा कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

**ग) उद्देश्य**

विपद्‌बाट हुने प्राकृतिक तथा गैर प्राकृतिक सम्पदामा हुने क्षतिको न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरुको पहिचान गरी आवधिक तथा बार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुन स्थापना तथा पुनर्निर्माणको बढोत्तरी र उत्थानशीलतामा वृद्धि गरी विद्यमान विपद जोखिम तथा क्षतिको न्यूनीकरण र जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ ।

**घ) लक्ष्य**

१) नगर स्तरमा विपद्‌बाट हुने उल्लेख्य मात्रामा कम गर्ने ।

| सि. नं. | सूचक | वर्ष २०७९।८० | वर्ष २०८०।८१ | वर्ष २०८१।८२ | वर्ष २०८२।८३ | वर्ष २०८३।८४ |
|---|---|---|---|---|---|---|
| १.१. | विपद्‌बाट मृत्यू हुनेको वार्षिक औसत संख्या | १००% | ७५ % | ५० % | २५ % | १० % |
| १.२. | सडक दुर्घटनाबाट मृत्यू हुनेको वार्षिक औसत संख्या | १००% | ७५ % | ५० % | २५ % | १० % |

२) नगर स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य मात्राम कम गर्ने ।

| सि. नं. | सूचक | वर्ष २०७९।८० | वर्ष २०८०।८१ | वर्ष २०८१।८२ | वर्ष २०८२।८३ | वर्ष २०८३।८४ |
|---|---|---|---|---|---|---|
| २.१. | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारको वार्षिक औसत संख्या | १००% | ७५ % | ५० % | २५ % | १० % |
| २.२. | विपद्बाट घाइते हुने व्यक्तिको वार्षिक औसत संख्या | १००% | ७५ % | ५० % | २५ % | १० % |
| २.३. | सडक दुर्घटनाबाट घाइते हुने व्यक्तिहरुको वार्षिक औसत संख्या | १००% | ७५ % | ५० % | २५ % | १० % |
| २.४. | विपद्बाट क्षति घाइते हुने घरहरुको वार्षिक औसत संख्या | १००% | ७५ % | ५० % | २५ % | १० % |

३) नगर स्तरमा विपद्का कारणले हुने आर्थिक क्षतिलाइ उल्लेख्य मात्रामा कम गर्ने ।

| सि. नं. | सूचक | वर्ष २०७९।८० | वर्ष २०८०।८१ | वर्ष २०८१।८२ | वर्ष २०८२।८३ | वर्ष २०८३।८४ |
|---|---|---|---|---|---|---|
| ३.१. | नगर स्तरमा हुने कुल गार्हस्थ उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | ५ प्रतिशत | ३ प्रतिशत | २ प्रतिशत | १ प्रतिशत | ०.५ प्रतिशत |

४) नगर स्तरमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने ।

| सि. नं. | सूचक | वर्ष २०७९।८० | वर्ष २०८०।८१ | वर्ष २०८१।८२ | वर्ष २०८२।८३ | वर्ष २०८३।८४ |
|---|---|---|---|---|---|---|
| ४.१. | नगर स्तर मा वडा स्तरमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने । | १०० प्रतिशत | ७५ प्रतिशत | ५० प्रतिशत | २५ प्रतिशत | १० प्रतिशत |
| ४.२. | नगर स्तर र सरोकारवालाहरु बीच अन्तर तथा परस्पर सञ्चार, समन्वय, र | १० प्रतिशत | २५ प्रतिशत | ५० प्रतिशत | ७५ प्रतिशत | १०० प्रतिशत |

| सि. नं. | सूचक | वर्ष २०७९/८० | वर्ष २०८०/८१ | वर्ष २०८१/८२ | वर्ष २०८२/८३ | वर्ष २०८३/८४ |
|---|---|---|---|---|---|---|
| | साझेदारी अभिवृद्धी गर्न एकिकृत संयन्त्रको विकास र कार्यान्वयन गर्ने । | | | | | |
| ४.३. | विपद् जोखिम व्यवस्थापनका लागि श्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने । | १० प्रतिशत | २५ प्रतिशत | ५० प्रतिशत | ७५ प्रतिशत | १०० प्रतिशत |

५) पूर्व सूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलव्धता र पहुँचमा उल्लेख्य वृद्धी गर्ने ।

| सि. नं. | सूचक | वर्ष २०७९/८० | वर्ष २०८०/८१ | वर्ष २०८१/८२ | वर्ष २०८२/८३ | वर्ष २०८३/८४ |
|---|---|---|---|---|---|---|
| ५.१. | नगरको कूल क्षेत्रफलको अनुपातमा अनुगमन तथा पूर्वसूचना प्रणालीको स्थापना र संचालन | १० प्रतिशत | २५ प्रतिशत | ५० प्रतिशत | ७५ प्रतिशत | १०० प्रतिशत |

| सि. नं. | सूचक | वर्ष २०७९/८० | वर्ष २०८०/८१ | वर्ष २०८१/८२ | वर्ष २०८२/८३ | वर्ष २०८३/८४ |
|---|---|---|---|---|---|---|
| ५.२. | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्या | १० प्रशिशत | २५ प्रशिशत | ५० प्रशिशत | ७५ प्रशिशत | १०० प्रशिशत |

**४) प्राथमिकता प्राप्त क्षेत्रहरु**

**४.१) विपद् जोखिमबारे नगरस्तरमा बुझाई**

प्राथमिकता प्राप्त कार्य १: प्रकोप बमोजिम जोखिम, खतरा र संकटासन्नताको आँकलन

प्राथमिकता प्राप्त कार्य २: जोखिम, खतरा र संकटासन्नताको आँकलनका लावि अन्तर निकाय समन्वय

प्राथमिकता प्राप्त कार्य ३: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास, सुदृढीकरण र प्रवाह

प्राथमिकता प्राप्त कार्य ४: विपद् जोखिम, खतरा र संकटासन्नबारेको बुझाइका लागि क्षमता अभिवृद्धि

**४.२) नगरस्तरमा विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १: नगर स्तरमा विपद् व्यवस्थापन सम्बन्धी संस्थागत संरचनाको स्थापना, विकास र सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य २: विपद् जोखिम सुशासनको लागि क्षमता विकास, अभिबृद्धि, सहकार्य र साझेदारी

प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणमा समाबेशिताको सुनिश्चितता

**४.३) नगरस्तरमा विपद् जोखिम गर्न निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन**

प्राथमिकता प्राप्त कार्य १: उत्थानशीलता वृद्धिका लागि लगानी प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य २: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ३: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ४: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबवृद्धि


**४.४) प्रभावकारी प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुननिर्माणका लागि विपद् पूर्वतयारीको विकास र सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १: विपद् प्रतिकार्य प्रभावकारीका लागि पूर्वतयारीको विकास र सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य २: विपद् पूर्वतयारीको लागि पूर्व सूचना प्रणालीको विकास

प्राथमिकता प्राप्त कार्य ३: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण विकास र प्रवर्द्धन

प्राथमिकता प्राप्त कार्य ४: खोज तथा उद्धारको लागि क्षमताको विकास र अभिवृद्धि




चित्र १: कीर्तिपुरमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरु

## ४.१) प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिम बारे नगरस्तरमा बुझाई

कीर्तिपुर नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, विषयगत समिति त्यसका पदाधिकारी तथा सदस्य, विषयगत शाखाका प्रमुख तथा सहयागी कर्मचारी, समुदायका हरेक व्यक्तिले प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप र जोखिमको प्रभावको बारेमा जानकारी तथा बुझाई हुन आवश्यक छ। जसले गर्दा प्राथमिकता

प्राप्त क्षेत्र निर्धाण गर्न जोखिम कम गर्ने निर्णय लिन सघाउ पुर्याउने छ। जोखिम आँकलन गर्न मूख्यतः यी तीन तत्वहरु प्रकोप (Hazard), सम्मुखता ( Exposure) र संकटउन्मुखता (Vulnerabilities) लाई समेटनु आवश्यकता छ। जोखिम बुझाईको लागि प्रभाव मोडलिङ्ग र जोखिम आँकलन गर्न सकिन्छ। प्रभाव मोडलिङ्ग कुनै प्रकोपबाट व्यक्ति, संरचना, जीविकोपार्जन आदिमा पर्न सक्ने प्रभावको अनुमान हो। यसरी नै जोखिम आँकलनले एकल वा वहु प्रकोपबाट हुने वार्षिक औसत क्षति, सम्भावित अधिकतम क्षति निर्धारण गर्न सहयोग गर्छ।

१. प्रकोप बमोजिम जोखिम, खतरा र संकटासन्नताको आँकलन

२. जोखिम, खतरा र संकटासन्नताको आँकलनका लागि अन्तर निकाय समन्वय

३. विपद् व्यवस्थापन सूचना प्रणालीको विकास, सुदृढीकरण र प्रवाह

४. विपद् जोखिम, खतरा र संकटासन्नबारेको बुझाईका लागि क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त कार्य १ः प्रकोप बमोजिम जोखिम, खतरा र संकटासन्नताको आँकलन**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **क) भूकम्पीय जोखिम** | | | | |
| १) भूकम्पीय प्रकोप आँकलन, नक्साकन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक गर्ने | वडा स्तरमा भूकम्पीय प्रकोप आँकलन तथा नक्शाहरु उपलव्ध भएको हुनेछ। | अल्पकालिन | वडा विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन शाखा | नगरपालिकाका विषयगत समिति र सो अन्तरगतका शाखाः योजना तथा प्राविधिक |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| | | | | शाखा र नक्सा शाखा । |
| २) भूकम्प जोखिमयुक्त पूर्वाधारहरु तथा आश्रयस्थलहरुका लागि भूसन्दर्भित सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रुपमा उपलव्ध गराउने । | भूकम्पीय सम्मुखता र संकटउन्मुखताको तथ्याँक उपलव्ध भएको हुनेछ । | अल्पकालिन | योजना तथा प्राविधिक शाखा र विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालय र केन्द्रीय तथ्याँक विभाग |
| ३) जोखिमयुक्त पूर्वाधारहरु, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि भूकम्पीय जोखिम आँकलन तथा नक्शांकन गर्ने र यसलाई सार्वजनिक | भूकम्पीय जोखिम स्तर (उच्च, मध्यम र न्यून)को जानकारी खुलाश्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलव्ध भएको हुनेछ । | मध्यकालिन | सामाजिक विकास शाखा तथा विपद् व्यवस्थापन शाखा | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| रुपमा उपलब्ध गराउने । | | | | |
| ४) भूकम्पीय जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तर्जुमा गर्ने र यसलाई सार्वजनिक रुपमा उपलब्ध गराउने । | भूकम्पीय जोखिम संवेदनशील भूउपयोग योजनाहरु उपलब्ध हुनेछन् । | मध्यकालिन | योजना तथा प्राविधिक शाखा, नक्सा शाखा र विपद् व्यवस्थापन शाखा | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय |
| | | | | |
| **ख) सडक दुर्घटना जोखिम** | | | | |
| १) सडक दूर्घटनाका सम्भावित क्षेत्रहरुमा निरन्तर सडक अनुगन प्रणाली स्थापना गर्ने । (CCTV) | सडक दूर्घटना सम्बन्धी तत्काल जानकारी उपलब्ध भएको हुनेछ । | निरन्तर | योजना तथा प्रावधिक शाखा, सूचना प्रविधि र विपद् व्यवस्थापन शाखा | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय |
| २) सडक दूर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी प्रकोप आँकलन, नक्साकन र | वडा स्तरमा सडक दूर्घटना प्रकोप नक्शा उपलब्ध हुनेछ । | अल्पकालिन | योजना तथा प्रावधिक शाखा, सूचना प्रविधि र विपद् | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाइ सार्वजनिक रुपमा उपलब्ध गराउने | | | व्यवस्थापन शाखा | |
| | | | | |
| **ग) महामारी जोखिम** | | | | |
| १) महामारीको निन्तर अनुगमन प्रणाली स्थापना गर्ने । | महामारी सम्बन्धमा तत्काल जानकारी उपलब्ध भएको हुनेछ । | निरन्तर | स्वास्थ्य शाखा, वातावरण फोहरमैला व्यवस्थापन शाखा र विपद् व्यवस्थापन शाखा | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय |
| २) महामारी प्रकोप क्षेत्रका लागि महामारी प्रकोप आँकलन, नक्साकन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाइ सार्वजनिक गर्ने | वडा स्तरमा महामारी प्रकोप नक्शा उपलब्ध हुनेछ । | अल्पकालिन | स्वास्थ्य शाखा, वातावरण फोहरमैला व्यवस्थापन शाखा र विपद् व्यवस्थापन शाखा | नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय |
| ३) जोखिमयुक्त क्षेत्रहरुका लागि महामारी जोखिम आँकलन | म्हामारी जोखिम स्तर (उच्च, मध्यम र न्यून)को | मध्यकालिन | स्वास्थ्य शाखा, वातावरण फोहरमैला | नेपाल सरकार र प्रदेश सरकारका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| तथा नक्शांकन गर्ने र यसलाइ सार्वजनिक रुपमा उपललव्ध गराउने । | जानकारी खुलाश्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलव्ध भएको हुनेछ । | | व्यवस्थापन शाखा र विपद् व्यवस्थापन शाखा | सम्बन्धित मन्त्रालय |
| | | | | |
| **घ) पहिरो जोखिम** | | | | |
| १) पहिरो अनुगमन प्रणाली स्थापना गर्ने र सार्वजनिक रुपमा उपलव्ध गराउने । | पहिरो सम्बन्धी तात्कालिक जानकारी उपलव्ध हुनेछ । | निरन्तर | विपद् व्यवस्थापन शाखा र योजना तथा प्राविधिक शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| २) पहिरो प्रभावित क्षेत्रहरुको पहिरो प्रकोप आँकलन, नक्साकन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाइ सार्वजनिक गर्ने | वडा स्तरमा पहिरो प्रकोप नक्शा उपलव्ध हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा र योजना तथा प्राविधिक शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| ३) जोखिमयुक्त पूर्वाधारहरु, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु, | पहिरोको जोखिम स्तर (उच्च, मध्यम र न्यून)को जानकारी | अल्पकालिन | विपद् व्यवस्थापन शाखा र योजना तथा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि पहिरो जोखिम आँकलन तथा नक्शांकन गर्ने र यसलाइ सार्वजनिक रुपमा उपललव्ध गराउने । | खुलाश्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलव्ध भएको हुनेछ । | | प्राविधिक शाखा | |
| ४) पहिरो जोखिम संवेदशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रुपमा उपलव्ध गराउने | पहिरो जोखिम संवेदशील भूउपयोग योजनाहरु उपलव्ध भएको हुनेछ । | मध्यकालिन | विपद् व्यवस्थापन शाखा र योजना तथा प्राविधिक शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| | | | | |
| **ड) बाढी जोखिम** | | | | |
| १) बाढीको अनुगमन प्रणाली स्थापना गर्ने र सार्वजनिक | बाढी सम्बन्धी तात्कालिक जानकारी उपलव्ध हुनेछ । | निरन्तर | विपद् व्यवस्थापन शाखा र योजना तथा | नेपाल सरकार/प्रदेशका |

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|
| रुपमा उपलव्ध गराउने । | | | प्राविधिक शाखा र वातावरण शाखा | सम्बन्धित मन्त्रालय |
| २) बाढी प्रभावित क्षेत्रहरुको बाढी प्रकोप आँकलन, नक्साकन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाइ सार्वजनिक गर्ने | वडा स्तरमा बाढी प्रकोप नक्शा उपलव्ध हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा र योजना तथा प्राविधिक शाखा र वातावरण शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| ३) जोखिमयुक्त पूर्वाधारहरु, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि बाढी जोखिम आँकलन तथा नक्शांकन गर्ने र यसलाइ | बाढीको जोखिम स्तर (उच्च, मध्यम र न्यून)को जानकारी खुलाश्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलव्ध भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा र योजना तथा प्राविधिक शाखा र वातावरण शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|
| सार्वजनिक रुपमा उपललव्ध गराउने । | | | | |
| ४) बाढी जोखिम संवेदशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रुपमा उपलव्ध गराउने | बाढी जोखिम संवेदशील भूउपयोग योजनाहरु उपलव्ध भएको हुनेछ । | मध्यकालिन | विपद् व्यवस्थापन शाखा र योजना तथा प्राविधिक शाखा र वातावरण शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| | | | | |
| **च) जलवायुजन्य जोखिम -खडेरी, चट्याग, हावाहुरी, शीतलहर, तातो हावाको लहर)** | | | | |
| १) मौसमको निरन्तर अनुगमन प्रणालीलाइ नगरव्यापी रुपमा विस्तार र आधुनिकीकरण गर्ने । | मौसम सम्बन्धी जानकारी निरन्तर रुपमा उपलव्ध भएको हुनेछ । | निरन्तर | बातावरण, फोहरमैला व्यवस्थान शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| २) प्रमुख जलवायुजन्य प्रकोप क्षेत्रको प्रकोप आँकलन, | जलवायुजन्य प्रकोप क्षेत्रको नक्शा | अल्पकालिन | बातावरण, फोहरमैला व्यवस्थान शाखा | नेपाल सरकार/प्रदेशका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| नक्शाँकन र प्रकोप क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रुपमा उपलव्ध गराउने । | उपलव्ध हुनेछ । | | | सम्बन्धित मन्त्रालय |
| ३) जलवायुजन्य जोखिम संवेदनशील भूउपयोग योजनाहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने । | जलवायुजन्य जोखिम संवेदनशील भूउपयोग योजनाहरु कार्यान्वयन भएको हुनेछ । | मध्यकालिन | कीर्तिपुर नगर कार्यपालिका | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| | | | | |
| **छ) आगलागी जोखिम** | | | | |
| १) आगलागीको निरन्ततर अनुगमन प्रणाली स्थापन गर्ने । | आगलागी सम्बन्धी निरन्तर जानकारी उपलव्ध भएको हुनेछ । | निरन्तर | विपद् व्यवस्थापन शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| २) आगलागी विरुद्ध सचेतना निर्माणका लागि जानकारीमूलक सामग्रीको विकास गर्ने । | आगलागी सम्बन्धी जानकारी उपलव्ध भएको हुनेछ । | निरन्तर | विपद् व्यवस्थापन शाखा र स्वास्थ्य वातावरण फोहरमैला व्यवस्थापन शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३) जोखिमयुक्त पूर्वाधारहरु, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु, आश्रयस्थलहरु, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरुका लागि आगलागी जोखिम आँकलन तथा नक्शांकन गर्ने र यसलाई सार्वजनिक रुपमा उपललव्ध गराउने । | आगलागीको जोखिम स्तर (उच्च, मध्यम र न्यून)को जानकारी खुलाश्रोत स्वरुपमा सार्वजनिक रुपमा उपलव्ध भएको हुनेछ । | अल्पकालिन | योजना तथा प्राविधिक शाखा, सामाजिक विकास शाखा, स्वास्थ्य शाखा र विपद् व्यवस्थापन शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |
| ४) आगलागी जोखिम संवेदशील भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रुपमा उपलव्ध गराउने | आगलागी जोखिम संवेदशील भूउपयोग योजनाहरु उपलव्ध भएको हुनेछ । | मध्यकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकार/प्रदेशका सम्बन्धित मन्त्रालय |

**प्राथमिकता प्राप्त कार्य २ः जोखिम, खतरा र संकटासन्नताको आँकलनका लागि अन्तर निकाय समन्वय**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) विपद् जोखिम आँकलन पद्धतिलाई संस्थागत गर्न साझा स्थानीय ढाँचा (Common Local Framework) र पद्धतिको विकास गर्ने । | विपद् जोखिम आँकलन, साधन, विधि, संस्थागत व्यवस्था र निर्देशिका उपलव्ध भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिका |
| २) प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याक संकलना एकरुपता कायम गर्न अन्तर निकाय संयन्त्र स्थापना गर्ने । | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याक संकलनमा एकरुपता कायम भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिका |
| ३) बहु प्रकोप जोखिम आँकलन तथा नक्शाकन गर्ने । | सर्वसाधारणका लागि बहुप्रको जोखिम जानकारी उपलव्ध भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिका |
| ४) बहु प्रकोप जोखिम संवेदनशील | बहु प्रकोप जोखिम संवेदनशील | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिका |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| भूउपयोग योजनाहरुको तयारी गर्ने र सार्वजनिक रुपमा उपलब्ध गराउने । | भूउपयोग योजनाहरु उपलब्ध भएको हुनेछ । | | | |

**प्राथमिकता प्राप्त कार्य ३: विपद् व्यवस्थापन सूचना प्रणालीको विकास, सुदृढीकरण र प्रवाह**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) विपद् जोखम प्रचारप्रसार गर्न विभिन्न मिडियाको प्रभावकारी प्रयोग गर्ने । | विपद् जोखम प्रचारप्रसार तथा जानकारी भएको हुनेछ । | निरन्तर | विपद् व्यवस्थापन शाखा | पत्रपत्रिका, एफएम, रेडियो, टेलिभिजन, नेपाल दुरसंचार |
| २) विपद् जोखिम सूचना साझेदारिता लागि सरकारी संस्था, गैरसरकारी संस्था, राजनीतिक दल तथा भातृ | विपद् जोखिम सूचना साझेदारिता व्यापक रुपले सहकार्य भएको हुनेछ । | निरन्तर | विपद् व्यवस्थापन शाखा | पत्रपत्रिका, एफएम, रेडियो, टेलिभिजन, नेपाल दुरसंचार |

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|
| संगठनहरु, मिडिया बीच स्थानीय स्तरमा सहकार्य गर्ने । | | | | |
| ३) विपद् जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार पार्ने । | सबै निकाय र तहमा जोखिम सूचनाको प्रभावकारी संचार र प्रसार भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | पत्रपत्रिका, एफएम, रेडियो, टेलिभिजन, नेपाल दुरसंचार |
| ४) संकटउन्मुख समूहसंग जोखिम सचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार गर्ने । | महिला, बृद्ध, बालबालिका, अपांग विद्यार्थी र अन्य संकटउन्मुख समूहसंग जोखिम साझेदारी भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | पत्रपत्रिका, एफएम, रेडियो, टेलिभिजन, नेपाल दुरसंचार |

**प्राथमिकता प्राप्त कार्य ४: विपद् जोखिम, खतरा र संकटासन्नबारेको बुझाइका लागि क्षमता अभिवृद्धि**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) नगरपालिकासंग आवद्ध सबै पधिकारी, सदस्य तथा कर्मचारीको क्षमता अभिवृद्धीका लागि प्रशिक्षण तथा अभिमूखिकरण गर्ने । | विपद् जोखिम न्यूनीकरण सम्बन्धी नियामक व्यवस्था बारे जानकारी भइ योजना तर्जुमा, कार्यान्वयन र निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकार/ प्रदेशका सम्बन्धित मन्त्रालय |
| २) विद्यालयको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गर्ने प्रणालीको विकास र संस्थागत गर्ने । | विद्यालयको पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी पाठ्यक्रम निर्माण भई अध्ययन अध्यापन मार्फत बुझाईमा वृद्धी भएको हुनेछ । | अल्पकालिन | शिक्षा शाखा | नेपाल सरकार/ प्रदेशका सम्बन्धित मन्त्रालय |
| ३) दलित, महिला, बालबालिका, बृद्धबृद्धा, अपांग, संकटउन्मुख समुदायहरु र सम्पुर्ण सरोकारवालाहरुका | संकटउन्मुख समुदायहरु र सम्पुर्ण सरोकारवालाहरुको विपद् जोखिम सम्बन्धी बुझाईमा | अल्पकालिन | शिक्षा शाखा, महिला बालबालिका शाखा र विपद् | नेपाल सरकार/ प्रदेशका सम्बन्धित मन्त्रालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी पाठ्यक्रमको विकास गरी प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने । | क्षमता विकास भएको हुनेछ । | | व्यवस्था पन शाखा | |
| ४) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा खेल्नुपर्ने भूमिकाबारे जानकारी मूलक सामग्री बनाइ प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने र विभिन्न तहमा अनुभवको आदान प्रदान गर्ने । | विद्यार्थि, अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, सामुदायिक संस्था तथा उपभोक्ताहरुको विपद् जोखिम बुझाइमा क्षमता बुद्धि भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्था पन शाखा | नेपाल सरकार/ प्रदेशका सम्बन्धित मन्त्रालय |
| ५) राजनीतिक दल तथा भातृ संगठनका सदस्यहरु, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद् जोखिम क्षेत्रमा कार्यरत संघसंस्थाहरुलाई विपद जोखिम | विपद् जोखिम न्यूनीकरण सम्बन्धी कानूनी तथा नियामक व्यवस्थाबारे व्यापक जानकारी भै निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्था पन शाखा | नेपाल सरकार/ प्रदेशका सम्बन्धित मन्त्रालय |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| न्यूनीकरण ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे अभिमुखिकरण गर्ने । | | | | |
| ६) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा कार्यक्रमको विकास तथा संचालन गर्नका लागि , गैरसरकारी संगठन, व्यापारी, व्यवसाय उद्यमी तथा अन्य सरोकारवालाहरु संग सहकार्य गर्ने । | विपद् जोखिम न्यूनीकरण सम्बन्धी चेतना अभिबृद्धिमा व्यापक सहकार्य भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकार/ प्रदेशका सम्बन्धित मन्त्रालय |
| ७) विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका सवाल, समस्या र समाधानका लागि गोष्ठी, अध्ययन, अनुसन्धान र विकास गर्ने । | विपद् जोखिम न्यूनिकरण र जलवायु अनुकूलनका लागि नयाँ प्रविधि तथा प्रणालीको विकास भएको हुनेछ । | दीर्घकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकार/ प्रदेशका सम्बन्धित मन्त्रालय |

## ४.२) नगरस्तरमा विपद् जोखिम शासकीय पद्धतिको विकास र सुदृढीकरण

विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण जोखिम बुझ्ने, न्यूनीकरण गर्ने तथा व्यवस्थापन गर्ने प्रयासको जगको रुपमा मानिन्छ । यसले विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणमा सबै नागरिकको चासो व्यक्त गर्न, कानूनी अधिकार र दायित्व बारे अभ्यास गर्न र गुनासाहरुलाई सम्बोधन गर्नका लागि संस्थागत व्यवस्था, नीतिगत व्यवस्था, संयन्त्र, समन्वय र प्रकियाहरुको व्यवस्था गर्दछ ।

विपद् जोखिम न्यूनीकरण गर्न नगरस्तर कार्यक्रमहरु तर्जुमा एवं सरोकारवालहरुलाई प्रोत्साहन तथा मार्गदर्शन प्रणालीको स्थापना गरी नगर देखि वडा र समुदाय तहसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र कीर्तिपुर नगरपालिकाको विपद व्यवस्थापन ऐन २०७६ बमोजम जिम्मेवार निकायहरुको स्थापना र सुदृढीकरण गर्न जरुरी देखिएको छ। सबै तहमा पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य योजनाको तर्जुमा तथा क्षमताको अभिवृद्धि तत्काल गर्नु जरुरी  छ ।

यस विषयलाई सम्बोधन गरी नगरस्तरमा विपद् जोखम पद्धति सुदृढ गर्न यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरिएका छन् ।

१. नगर स्तरमा विपद् व्यवस्थापन सम्बन्धी संस्थागत संरचनाको स्थापना, विकास र सुदृढीकरण

२. विपद् जोखिम सुशासनको लागि क्षमता विकास, अभिबृद्धि, सहकार्य र साझेदारी

३. विपद् जोखिम न्यूनीकरणमा समाबेशिताको सुनिश्चितता

**प्राथमिकता प्राप्त कार्य १: नगर स्तरमा विपद् व्यवस्थापन सम्बन्धी संस्थागत संरचनाको स्थापना, विकास र सुदृढीकरण**

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|
| १) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै विषयगत समिति र सो संग आवद्ध निकायहरुमा समन्वय संयन्त्र स्थापना गर्ने । | प्रत्येक समिति र निकायहरुमा स्पष्ट जिम्मेवारी सहित समन्वय संयन्त्र भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | सबै समिति र निकायहरु |
| २) विद्यमान जोखिमयुक्त सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरु तथा भौतिक पूर्वाधारहरुको प्रवलीकरणको लागि विशेष कोष र अनुगमन संयन्त्र स्थापना विषयगत समिति र शाखाहरुमा विपद् जोखिम सम्बन्धी निश्चित जिम्मेवारी व्यक्ति तोक्ने । | प्रत्येक विषयगत समिति र शाखामा विपद् जोखिम न्यूनीकरणका लागि समर्पित एकाइ भएको हुनेछ । | अल्पकालिन | प्रशासन शाखा | सबै समिति र निकायहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३) विद्यालयहरुमा विपद् जोखिम व्यवस्थापन समिति स्थापना गर्ने । | विद्यालयहरुमा प्रभावकारी विपद् जोखिम व्यवस्थापन समिति स्थापना भएको हुनेछ । | अल्पकालिन | शिक्षा शाखा र विपद् व्यवस्थापन शाखा | सबै समिति र निकायहरु |
| ४) नगरस्तरीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने । | नगस्तरमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपतकालिन प्रतिकार्य भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | सबै समिति र निकायहरु |

**प्राथमिकता प्राप्त कार्य २: विपद् जोखिम सुशासनको लागि क्षमता विकास, अभिबृद्धि, सहकार्य र साझेदारी**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) नगरस्तरमा विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता पहिचान गरी क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गर्ने । | क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन भै विपद् जोखिम शासनमा क्षमता विकास भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकार |

| **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणाम** | **समयावधि** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|---|
| २) विपद् जोखिम न्यूनीकरणमा संलग्न सरकारी तथा गैरसरकारी निकायहरुको संलग्नतामा सञ्जाल स्थापना गर्ने । | सरकारी तथा गैरसरकारी निकायहरुको संलग्नतामा सञ्जाल स्थापना भै विपद् जोखिम न्यूनिकरणमा सबै तहमा सरोकारवालाहरुको व्यापक सहभागिता भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | गैर सरकारी संघसंस्थाहरु |
| ३) नगर स्तरमा जलवायु तथा विपद जोखिम प्रभाव मूल्यांकन विधि सम्बन्धी प्रशिक्षण संचालन गर्ने । | प्रशिक्षण संचालन भै जलवायु तथा विपद जोखिम प्रभाव मूल्यांकन गर्ने जनशक्तिको विकास भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघ, दातृ निकायहरु |
| ४) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, संयुक्त राष्ट्र | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा व्यापक सहकार्य भएको हुनेछ । | मध्यकालिन | विपद् व्यवस्थापन शाखा | राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघ, दातृ निकायहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| संघ, दातृ निकायहरु तथा अन्य सरोकारवालाहरु संग सहकार्य गर्ने । | | | | |

**प्राथमिकता प्राप्त कार्य ३ः विपद् जोखिम न्यूनीकरणमा समाबेशिताको सुनिश्चितता**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) विपद् जोखिम व्यवस्थापनमा लैगिक संवेदनशील र समावेशी पद्धती लागु गर्ने । | प्रत्येक निकायले लैगिक संवेदनशील र समावेशी विपद् जोखिम व्यवस्थापन पद्धति अवलम्बन गरेको हुनेछ । | अल्पकालिन | सामाजिक विकास शाखा | गैरसरकारी संस्थाहरु |
| २) विपद्वाट बढी प्रभावित, उत्थानशीलता कमजोर भएका र संकटउन्मुख भएका समूहको विपद् शासनका काममा सहभागिता | समुदाय तहमा विपद् जोखिम सरोकार समूहहरुको स्थापना भई उनीहरुको सञ्जालीकरणबाट विपद् पिडित र जोखिम संकट उन्मुख व्यक्ति, परिवार र | अल्पकालिन | सामाजिक विकास शाखा | गैर सरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| बढाउँदै उनीहरुको सशक्तिकरण र साझेदारीको प्रवर्द्धन गर्न विपद् जोखिम सरोकार समूहहरुको गठन गरी संस्थागत विकास गर्ने । | समुदायको सहभागिताको सुनिश्चित भएको हुनेछ । | | | |
| ३) सबै तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैगिक समानता तथा सामाजिक समावेशीकरण कार्य योजना तयार गर्ने । | लैगिक समानता तथा सामाजिक समावेशीकरणको लागि कार्य योजना उपलव्ध भएको हुनेछ । | अल्पकालिन | सामाजिक विकास शाखा | गैर सरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |
| ४) जोखिममा रहेका नागरिक र जनताको विपद जोखिम व्यवस्थापन कार्यक्रम र नीति निर्माणमा | विपद जोखिम व्यवस्थापनका लागि तल्लो तहमा सामाजिक परिचालनका कार्यक्रमहरु संचालन भएको हुनेछ । | अल्पकालिन | सामाजिक विकास शाखा | गैर सरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, राजनीतिक दल तथा भातृ संगठनहरु |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रभावकारी पहुँच, प्रतिनिधित्व र सभागिताको लागि तल्लो तहमा सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गर्ने । | | | | |

**४.३) नगरस्तरमा विपद् जोखिम न्यूनिकरण गर्न निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन**

कीर्तिपुर नगरमा रहेका व्यक्ति र समुदायको भोतिक आर्थिक सामाजिक स्वास्थ्य सांस्कृतिक उत्थानशीलताको अभिबृद्धिका निमित्त संरचनात्मक र गैरसंरचनात्मक उपायरु मार्फत विपद् जोखिम नियन्त्रण र न्यूनीकरणका लागि निजी र सार्वजनिक लगानीको अहम भूमिका रहन्छ । यस उपायले विपद् पछिका स्थितिमा शीघ्र पुनर्लाभ र पुनःस्थापनाका दृष्टिले पनि महत्वपूर्ण हुन्छन । यस लगानी प्रवर्द्धनले संरचनागत सम्पदाहरुको प्रवलीकरण भई विपद् उत्थानशीलता वृद्धि गर्छन ।

विपद् उत्थानशीलता अभिवृद्धी गर्न विभिन्न प्रकारका बित्तीय संयन्त्रहरु बार्षिक बजेट, आकस्मिक कोष तथा बीमा संयन्त्र प्रयोग गर्न सकिन्छ। यी प्राप्तीका लागि निम्न प्राथमिकता क्षेत्रलाई सम्बोधन गर्नेछ ।

१. उत्थानशीलता वृद्धिका लागि लगानी प्रवर्द्धन

२. विपद् जोखिम न्यूनीकरणमा सार्वजनीक लगानी वृद्धि

३. विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

४. जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकता प्राप्त कार्य १ः उत्थानशीलता बृद्धिका लागि लगानी प्रवर्द्धन**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) जोखिममा परेका महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरुको रुचि तथा आवश्यकताको आधारमा उनीहरुको जीवनस्तर बृद्धी गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासंग सम्बन्धित कार्यक्रम तथा प्रशिक्षणहरु संचालन गर्न लगानी गर्ने । | संकटउन्मुख समुदायको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ । | अल्पकालिन | सामाजिक विकास शाखा र स्वास्थ्य वातावरण फोहरमैला व्यवस्थापन शाखा | गैर सरकारी संस्थाहरु, विकास साझेदार |
| २) आर्थिक रुपले कमजोर सीमान्तकृत तथा विपन्न | समुदायको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ । | अल्पकालिन | सामाजिक विकास शाखा र स्वास्थ्य | गैर सरकारी संस्थाहरु, विकास साझेदार |

| | | | | |
|---|---|---|---|---|
| समुहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रमको विकास र संचालनको लागि लगानी गर्ने । | | | वातावरण फोहरमैला व्यवस्थापन शाखा | |
| ३) सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने | समुदायको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ । | अल्पकालिन | सामाजिक विकास शाखा र स्वास्थ्य वातावरण फोहरमैला व्यवस्थापन शाखा | गैर सरकारी संस्थाहरु, विकास साझेदार |
| ४) आपतकालिन संरचनाको संचालनात्मक निरन्तरताको लागि स्रोत जुटाइ प्रवलीकरणको | आपतकालिन अत्यावश्यक सेवा र संरचनाहरु विपद् उत्थानशील योजनाहरु भएका हुनेछन् । | अल्पकालिन | योजना तथा प्राविधिक शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| योजना बनाउने | | | | |
| ५) मनसून पूर्व ढल तथा जल निकास मार्गहरु सफाइ गर्ने । | बाढी उत्थानशीलताका लागि ढल तथा जल निकास मार्ग सफाइ गर्ने कार्यमा वृद्धि भएको हुनेछ । | अल्पकालिन | योजना तथा प्राविधिक शाखा, सामाजिक विकास शाखा र स्वास्थ्य वातावरण फोहरमैला व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ६) ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरुको संरक्षण, मर्मत सम्भार र संचालनका लागि निर्देशिका तयार गरी कार्यान्वयन गर्ने । | ऐतिहासिक तथा सांस्कृतिक सम्पदा भवन र स्थलहरुको उत्थानशीलताको लागि निर्देशिका तयार गरी कार्यान्वयन भएको हुनेछ । | मध्यकालिन | संस्कृति एवं पर्यटन विकास समिति | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ७) ताल, सिमसार, पोखरीहरुको संरक्षण निर्माण गरी पानी संरक्षण | बाढी, खडेरी तथा आगलागी क्षति कम भएको हुनेछ । | मध्यकालिन | संस्कृति एवं पर्यटन विकास समिति र योजना तथा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| र वर्षाको पानी संकलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधि विकास गर्ने । | | | प्राविधिक शाखा | |
| ८) अस्पतालहरुको र समग्र स्वास्थ्य सेवाको आपत्कालीन उपचार क्षमता अभिबृद्धि गर्ने । | स्वास्थ्य सेवामा विपद् उत्थानशीलताका लागि आपत्कालीन उपचार क्षमता अभिवृद्धि भएको हुनेछ । | दीर्घकालिन | स्वास्थ्य शाखा वातावरण फोहरमैला व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ९) जोखिमयुक्त पूर्वाधारहरुको प्रवलीकरण गर्न लागनी बढाउने । | जोखिमयुक्त पूर्वाधारहरु सुरक्षित भएका हुनेछन । | दीर्घकालिन | योजना तथा प्राविधिक शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| १०) सार्वजनिक भवनहरु बालबालिका, बृद्धबृद्धा तथा अपांग मैत्री बनाउने । | बालबालिका, बृद्धबृद्धा तथा अपांगहरुको विपद् उत्थानशीलता वृद्धि भएको हुनेछ । | दीर्घकालिन | शहरी पूर्वाधार शाखा र सामाजिक विकास शाखा | नेपाल सरकारका सम्बन्धीत मन्त्रालयहरु, प्रदेश सरकार |

**प्राथमिकता प्राप्त कार्य २: विपद् जोखिम न्यूनीकरणमा सार्वजनीक लगानी वृद्धि**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) विपद् व्यवस्थापन कोषलाई विपद् हुनु अगावै विपद् पूर्व तयारीमा समेत उपयोग गर्न मिल्ने व्यवस्था गर्ने । | विपद् पूर्व तयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धीत मन्त्रालयहरु, प्रदेश सरकार |
| २) सबै निकायले बार्षिक रुपमा बजेट विनियोजन गर्दा विपद् जोखिम न्यूनीकरणका लागि समेत केही रकम छुट्याउने व्यवस्था गर्ने । | विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रगत रुपमा लगानी सुनिश्चित भएको हुनेछ । | अल्पकालिन | राजश्व शाखा र योजना, प्राविधिक शाखा | नेपाल सरकारका सम्बन्धीत मन्त्रालयहरु, प्रदेश सरकार |
| ३) भौतिक पूर्वाधार निर्माण गर्दा लागतको कम्तिमा एक प्रतिशत रकम | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ । | अल्पकालिन | २५ प्रतिशत | नेपाल सरकारका सम्बन्धीत मन्त्रालयहरु, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद्का लागि छुट्याउने व्यवस्था गर्ने । | | | | |

**प्राथमिकता प्राप्त कार्य ३ः विपद् जोखिम न्यूनीकरणमा निजी लगानी बृद्धी**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) विपद्का समयमा पनि व्यवसाय निरन्तरताका लागि योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने । | व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन भै विपद्को समयमा समेत निजी व्यवसायिक क्षेत्रहरु चलायमान भएको हुनेछ । | अल्पकालिन | राजश्व शाखा, नेपाल उद्योग बाणिज्य महासंघका शाखा, निजी क्षेत्र | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| २) विपद् जोखिम न्यूनीकरणमा बैंक, सहकारी तथा सामुदायिक संस्थाहरुको लगानीको लागि सहज व्यवस्थाा गर्ने । | विपद् जोखिम तथा क्षति कम भएको हुनेछ । | दीर्घकालिन | राजश्व शाखा, आर्थिक विकास समिति | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार र विकास साझेदारी |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३) महत्वपूर्ण पूर्वाधारहरु र सम्पदा भवनहरुको पुननिर्माणका लागि द्विपक्षीय, बहुक्षीय अन्तराष्ट्रिय स्रोतहको परिचालन गर्ने । | महत्वपूर्ण पूर्वाधारहरु र सम्पदा भवनहरुको पुननिर्माणका लागि अन्तराष्ट्रिय स्रोत लगानी उपलव्ध भएको हुनेछ । | दीर्घकालिन | राजश्व शाखा, आर्थिक विकास समिति | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार र विकास साझेदारी |

**प्राथमिकता प्राप्त कार्य ४: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) जीविकोपार्जनका आधार, सीप, औजार र लगानीलाई विपद्को अवस्थाबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीको विकास, कार्यान्वयन र विस्तार गर्ने । | जीविकोपार्जनका उपायहरुको बीमा मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजश्व शाखा, आर्थिक विकास समिति | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार र विकास साझेदारी |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २) विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न व्यक्ति तथा समुदायको जीवन वीमाको व्यवस्था गर्ने । | विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थपनमा संलग्न व्यक्ति तथा समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजश्व शाखा, आर्थिक विकास समिति | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार र विकास साझेदारी |

## ४.४) प्रभावकारी प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुननिर्माणका लागि विपद् पूर्वतयारीको विकास र सुदृढीकरण

विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनस्थापना र पुनः निर्माणलाइ यसले समेट्दछ । पूर्वतयारी अन्तर्गत विपद् जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आकस्मिक तयारी योजना, आकस्मिक सामाग्रीका व्यवस्था र भण्डारण, सुरक्षित निष्काशन र कृत्रिम पूर्व अभ्यास पर्दछन् । प्रतिकार्यले विपदको स्थितिमा वा त्यसपछि लगत्तै आपत्कालिन सेवा र सहयोगको कामना समेट्दछ ।

विपद् पूर्वतयारी बढाउन तथा पुनर्लाभ, पुनःस्थापना र पुनःनिर्माणमा यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरिएका छन् ।

१. विपद् प्रतिकार्य प्रभावकारीका लागि पूर्वतयारीको विकास र सुदृढीकरण

२. विपद् पूर्वतयारीको लागि पूर्व सूचना प्रणालीको विकास

३. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण विकास र प्रवर्द्धन

४. खोज तथा उद्धारको लागि क्षमताको विकास र अभिवृद्धि

**प्राथमिकता प्राप्त कार्य १ः विपद् प्रतिकार्य प्रभावकारीका लागि पूर्वतयारीको विकास र सुदृढीकरण**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) नगरस्तर तहको संस्थागत, नीतिगत र कार्य क्षमता अभिबृद्धि गरी तिनको कार्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थपनले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्ने । | नगरस्तरको सबै तहमा संस्थागत, नीतिगत र कार्य क्षमता अभिबृद्धि भै प्रभावकारी विपद् व्यवस्थापन भएको हुनेछ । | अल्पकालिन | प्रशासन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| २) नगरस्तरमा एकीकृत विपद् प्रतिकार्य प्रणाली विकास गरी लागू गर्ने । | विपद् प्रतिकार्यमा नगरस्तरीय एकरुपता कायम भएको हुनेछ । | अल्पकालिन | प्रशासन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३) वडास्तरमा आपत्कालिन कार्य संचालन केन्द्रहरु स्थापना, विकास र संचालन गर्ने । | आपत्कालिन कार्य संचालन केन्द्रहरु स्थापना, विकास र कार्यान्वय भै वडास्तरमा प्रभावकारी आपत्कालिन प्रतिकार्य भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ४) वडास्तरमा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामग्रीहरु र उद्धार उपकरणहरुको गोदाम घर वा भण्डारण गृहको स्थापना, विकास र संचालन गर्ने । | राहत तथा उद्धार सामग्रीहरुको भण्डारण गृह उपलव्ध भएको हुनेछ । | दीर्घकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

**प्राथमिकता प्राप्त कार्य २: विपद् पूर्वतयारीको लागि पूर्व सूचना प्रणालीको विकास**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) नगरस्तरमा भएका प्रमूख प्रकोपहरुको तथ्यांक विश्लेषण र पूर्वानुमान गरी पूर्वसूचनामूलक सन्देशहरुको विकास, उत्पादन तथा प्रसारण प्रकाशन गर्ने । | पूर्वसूचनामूलक सन्देशहरुको विकास, उत्पादन तथा प्रसारण प्रकाशन भएका हुने छन् । | निरन्तर | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| २) कार्यशाला, गोष्ठी र सञ्चार माध्यमहरुद्धारा पूर्वसूचना प्रणालीबारे सचेतना कार्यक्रमहरुको सञ्चालन गर्ने । | पूर्वसूचना प्रणालीबारे सचेतना बृद्धि भएको हुनेछ । | मध्याकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

**प्राथमिकता प्राप्त कार्य ३: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण विकास र प्रवर्धन**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) विद्यमान समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | विपद् जोखिम न्यूनीकरणमा समुदायहरु सशक्तिकरण भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| २) नगरस्तर तथा वडा स्तरमा विपद् प्रतिकार्य र खोज तथा उद्धार टोलीको गठन गर्ने । | स्थानीय खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ३) समुदायमा आधारित तालिम प्राप्त पूर्व अभ्यासशील स्वयंसेवकहरुको प्रथम उद्धारक संयन्त्रको विकास र क्षमता अभिवृद्धि गर्ने । | समुदायमा तालिम प्राप्त प्रथम उद्धारक स्वयंसेवकहरु उपलब्ध भएका हुनेछन । | मध्यकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

**प्राथमिकता प्राप्त कार्य ४: खोज तथा उद्धारको लागि क्षमताको विकास र अभिबृद्धि**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १) आपतकालिन कार्य संचालन केन्द्रको कार्य संचालन विधि तयार गने नीति निर्माण र पेशाकर्मीहरुलाइ प्रशिक्षण र अभिमूखिकरण गर्ने । | आपतकालिन कार्य संचालन केन्द्रको कार्य संचालनका लागि कार्यविधि उपलव्ध भएको हुनेछ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| २) आपतकालिन कार्य संचालन केन्द्रको क्षमता अभिवृद्धि गर्ने । | आपतकालिन कार्य संचालन केन्द्रको क्षमता अभिवृद्धी भएको हुनेछ | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |
| ३) नगर र वडास्तरमा समुदायमा आधारित खोज र उद्धार टोली स्थापना गर्ने । | नगर र वडास्तरमा खोज र उद्धार टोली स्थापना भएको हुने छ । | अल्पकालिन | विपद् व्यवस्थापन शाखा | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार |

## ५. रणनीतिक कार्ययोजना कार्यानवयका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा सफलताका साथ कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरिनेछः

क) आन्तरिक श्रोत बाँडफाँड प्रक्रिया

१) विषयगत समिति वा शाखामा नियमित बजेट

२) विषयगत समिति वा शाखामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रमको लागि बजेट

३) विपद् घटनापछि पुनर्लाभ र पुननिर्माणका लागि सबै समिति वा शाखामा विशेष बजेटको व्यवस्था

४) विपद् घटनापछि अन्य कार्यक्रमको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुननिर्माण उपयोग गर्ने गरी बजेटको रकमान्तर गर्ने व्यवस्था

ख) विकास साझेदारीहरुबाट सहयोग

ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहकार्य र साझेदारीका आयोजना तथा कार्यक्रमको संचालन बजेट

घ) सरकारी नियोगहरु संग सहकार्य र साझेदारीका आयोजना तथा कार्यक्रमको संचालन बजेट

## ६. रणनीतिक कार्ययोजनको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

विपद् जोखिम न्यूनीकरणका लागि सबै सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगको आवश्यकता पर्दछ। यो एक विकास प्रक्रियाको एक भाग भएकोले सबै निकायहरुसंग सहकार्य र समन्वय गरेर काम गर्नु उत्तिकै आवश्यकता छ। यसका क्रियाकलापहरु आवधिक तथा वार्षिक कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न पनि उत्तिकै आवश्यकता रहन्छ । यस रणनीतक कार्ययोजना कार्यान्वयनको लागि निम्न बमोजिमका उपायहरु अवलम्बन गरीनेछन् ।

क) यस कार्ययोजनाको कार्यान्वयनको लागि आवधिक र वार्षिक योजना तर्जुमा गरी लागु गरिनेछ। साथै कार्ययोजनालाइ परियोजनको रुपमा विस्तृतीकरण गरी कार्यान्वयन गरिनेछ।

ख) विषयगत समिति र शाखाको कार्यक्रम तर्जु एवँ कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिइनेछ।

ग) नीतिगत व्यवस्था गरिनेछ ।

घ) आवश्यक बजेटको विनियोजन गरिनेछ ।

यस कार्यक्रमको कार्यान्वयनको लागि नगरपालिका स्तरमा एक अनुगमन उपसमितिको व्यवस्था गरिनेछ । यसले रणनीतिक कार्ययोजना कार्यान्वयनको प्रगति अनुगमन तथा मूल्याकन गर्नेछ । यस कार्यक्रमको कार्यान्वयनको लागि विषयगत समिति विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापन शाखा मार्फत सबै कार्यको समन्वय गर्नेछ । यस कार्यक्रमको कार्यान्वयन सम्बन्धमा वार्षिक प्रगतिको समीक्षा र पुनरावलोकन गर्नेछन् । साथै यस कार्यक्रम कार्यानवयनको कार्य योजना नेपाल सरकारका कानून र नीति, विश्वव्यापी संरचना र विकास, विपद् घटना पछिको सिकाइ र समीक्षा र सिफारिसहरुको आधारमा गरीनेछ ।

यो रणनीतिक कार्ययोजना कीर्तिपुर नगरपालिकाको नगरकार्यपालिकावाट स्वीकृत भै स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु गरिएको छ ।

**प्रमाणीकरण मितिः- २०७९।१०।१५**

आज्ञाले  
लक्ष्मी प्रसाद बास्कोटा  
प्रमुख प्रशासकीय अधिकृत